आज मिति २०८३/०४/२९ गतेका दिन लेकवेशी नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री उमेश कुमार पौडेलज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

बैठक संख्या: ७४

बैठक प्रारम्भ: दिनको ११:३० बजे

समापन: दिनको १:०० बजे सम्म

<u>उपस्थिति</u>

| सि.नं. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री उमेशकुमार पौडेल | |
| २ | नगर उप-प्रमुख | श्री विमला खड्लुक | |
| ३ | वडा अध्यक्ष | श्री हरिमान घले | |
| ४ | वडा अध्यक्ष | श्री चन्द्रवहादुर वुढा | |
| ५ | वडा अध्यक्ष | श्री लिलाराम अधिकारी | |
| ६ | वडा अध्यक्ष | श्री लोकेन्द्र थापा | |
| ७ | वडा अध्यक्ष | श्री चक्रवहादुर शाही | |
| ८ | वडा अध्यक्ष | श्री प्रतिमान वाकावल | |
| ९ | वडा अध्यक्ष | श्री रुद्र वहादुर नेपाली | |
| १० | वडा अध्यक्ष | श्री टिकाराम छन्तेल | |
| ११ | वडा अध्यक्ष | श्री मान वहादुर सोमै | |
| १२ | वडा अध्यक्ष | श्री प्रशुराम भण्डारी | |
| १३ | कार्यपालिका सदस्य | श्री जानकी पुन | |
| १४ | कार्यपालिका सदस्य | श्री सावित्रा नेपाली | |
| १५ | कार्यपालिका सदस्य | श्री मुक्ति खड्का | |
| १६ | कार्यपालिका सदस्य | श्री मनिशा सिंजाली | |
| १७ | कार्यपालिका सदस्य | श्री तारादेवी वराल | |
| १८ | कार्यपालिका सदस्य | श्री दिपा सिंह खनेल | |
| १९ | कार्यपालिका सदस्य | श्री लीलमति वि.क. | |

| | | | |
|---|---|---|---|
| २० | कार्यपालिका सदस्य | श्री याम बहादुर दमाई | |
| २१ | प्रमुख प्रशासकीय अधिकृत | श्री महेन्द्र कुमार शर्मा | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| | शिक्षा अधिकृत आठौं | श्री पहलमान अधिकारी | |
| २२ | शाखा अधिकृत | श्री नारायणदत्त तिवारी | |
| २३ | वरिष्ठ लेखा अधिकृत | श्री दिनेश भण्डारी | |
| २४ | ई.सातौं | श्री महेश काफ्ले | |
| २५ | आ.ले.प.अधिकृत छैठौं | श्री डिल वहादुर रावत | |
| २६ | लेखा अधिकृत छैठौं | श्री हरिलाल न्यौपाने | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रतिलिपि प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मिति २०८३/०४/२९ गतेको ७४औं नगर कार्यपालिका बैंठकमा पेश भएका प्रस्तावहरू:

तपसिलः

| सि. नं. | विषय | निर्णय हुनुपर्ने व्यहोरा | प्रस्तावक | कै. |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्लो बैठकबाट भएको निर्णय कार्यान्वियनको समिक्षा गर्ने । | प्र.प्र.अ. | |
| २. | सडक मर्मत सम्भारकर्ता (पिटौली) थप गर्ने सम्वन्धमा । | वर्षायाममा सडकमा यातायात सुचारु राख्न थप जनशक्ति आवश्यक देखिएको हुँदा वडा नं. ३ मा १ जना, वडा नं. ५ मा २ जना र वडा नं. ७ मा १ जना गरी जम्मा ४ जना सडक मर्मत सम्भारकर्ता (पिटौली) थप गर्ने । | प्र.प्र.अ. | |
| ३. | होडिङ्ग वोर्ड सम्वन्धमा । | अनुमति तथा स्वीकृती विना राखिएका होडिङ्ग वोर्ड हटाउने तथा कर तथा शुल्क बुझाउन आह्वानका लागि निर्णय गर्नुपर्ने । | प्र.प्र.अ. | |

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## मिति २०८३/०४/२९ गतेको नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरू:

**निर्णय नं. १**

नगर कार्यपालिकाको अघिल्लो बैठकबाट भएका निर्णयहरू माथि आजको बैठकमा व्यापक छलफल तथा समिक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न लेकवेशी नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २**

लेकवेशी नगर कार्यपालिकाको मिति २०८३/०३/३० गतेको ७३औं कार्यपालिका बैठकको निर्णयबमोजिम वडा नं. २, ६, ८ र १० अन्तर्गतका सडकहरूमा सडक मर्मत सम्भारकर्ता (पिटौली) परिचालन गर्ने निर्णय भएकोमा वर्षायाममा सडकमा यातायात सुचारु राख्न थप जनशक्ति आवश्यक देखिएको हुँदा वडा नं. ३ को राताटार भैसेदमार सडकमा १ जना, वडा नं. ५ का विभिन्न सडकहरुमा २ जना र वडा नं. ७ विभिन्न सडकहरुको लागि १ जना गरी जम्मा ४ जना पिटौली थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

लेकवेशी नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा नगरपालिकाको कार्यालयवाट अनुमति नलिई विज्ञापन प्रयोजनका लागि विभिन्न व्यक्ति, फर्म तथा विज्ञापन एजेन्सीहरूले होडिङ्ग वोर्ड तथा विज्ञापन सामग्री राखेको देखिएकोले त्यस्ता होडिङ्ग वोर्डहरूका सम्बन्धमा आवश्यक छानविन गरी प्रचलित कानुन तथा नगरपालिकाको आर्थिक ऐन वमोजिम लाग्ने विज्ञापन कर तथा शुल्क असुल गर्ने व्यवस्था मिलाउने साथै, अनुमति नलिई होडिङ्ग वोर्ड राख्ने सम्वन्धित विज्ञापन एजेन्सी, व्यक्ति वा संस्थालाई नगरपालिकाबाट सूचना प्रकाशन तथा सार्वजनिक आह्वान गरी समय सिमा तोकी विज्ञापन कर तथा शुल्क बुझाउन अनुरोध गर्ने र तोकिएको अवधिभित्र कर तथा शुल्क नवुझाउने वा अनुमति नलिई राखिएका होडिङ्ग वोर्डहरू हटाउन नगरपालिकाको कार्यालयलाई आवश्यक प्रक्रिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

महेन्द्र कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत